नौ

# धनुषाधाम वन संरक्षणका लागि गरिएका संघर्ष

**देवनारायण मण्डल**

## आरम्भ

नेपालको मध्य तराई भू-भागमा मधेश प्रदेशभित्र पर्ने धनुषा जिल्लाको कुल क्षेत्रफल १,१८,३०० हेक्टर रहेको छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका अनुसार यस जिल्लामा २६,८५८ हेक्टर मात्र वन क्षेत्र छ ।[१] यस जिल्लामा वि.सं. २०२०/२१ सम्म पर्याप्त वन जंगल थियो, जसले गर्दा करिब ५७ वर्ष पहिले जनकपुर–जयनगर–विजलपुरासम्म रेल मार्ग विस्तार गरियो । यसको प्रमुख उद्देश्य भारत र नेपालका विभिन्न ठाउँमा काठ ढुवानी गर्नु थियो । पछि बसाइँसराइ, उत्तरमा पूर्व-पश्चिम लोकमार्ग निर्माण, नेपाल सरकारद्वारा केही निश्चित समुदायलाई निःशुल्क जग्गा वितरण गर्ने लगायतका कारणले हाल वन क्षेत्र क्रमशः ह्रास हुँदै गएको छ । भावर क्षेत्र समेत कृषि भूमिमा परिणत भइसकेको छ । वि.सं. २०११ मा आएको बाढी र २०१३ सालमा नेपाल सरकारद्वारा गरिएको पुनर्वास व्यवस्थापनको

[१] धनुषा जिल्लाको धरातलीय विस्तार समुद्र सतहबाट ५७ मिटरको तराई भूमिदेखि ६१० मिटर अग्लो चुरे पर्वतसम्म रहेको छ । छिमेकी जिल्लाहरूमा : पूर्वमा सिरहा, पश्चिममा महोत्तरी, उत्तरमा सिन्धुली पर्दछन् भने दक्षिणमा छिमेकी देश भारतको विहार राज्य पर्दछ । भौगोलिक हिसाबले जिल्लालाई तराई, भावर र शिवालिक क्षेत्रमा विभाजन गरिएको छ । भावर तथा शिवालिक क्षेत्रले ४२ प्रतिशत भू-भाग ओगटेको देखिन्छ । शिवालिक तथा भावर क्षेत्र ढुंगा, बालुवा र कंक्रिटले बनेको छ जुन आफैमा एकदम कमजोर, खुकुलो र सजिलैसँग बग्ने प्रकृतिको छ । कृषिको लागि अनुपयुक्त यस क्षेत्रमा माटोको मात्रा कम र गिट्टी र बालुवा प्रशस्त रहेकोले पानी जम्ने तथा रहनसक्ने आधार न्यून छ । जिल्लाको शिरमा रहेको चुरे शिवालिक तथा भावर क्षेत्र प्रमुख चुनौतीको रूपमा रहेको छ ।

कार्यक्रमले यहाँ वन क्षेत्रको संकुचन अझ तीव्र हुनपुग्यो। स्थानीयवासीको अनुसार ४९–५० वर्ष अगाडि नै यस जिल्लाको तराई तथा भावर वन क्षेत्र लोप भइसकेको थियो।

धनुषाधाम वन मधेश प्रदेशको धनुषा जिल्लाको मध्य भागमा अवस्थित धनुषाधाम नगरपालिकाभित्र पर्दछ। यो वन पूर्व-पश्चिम लोकमार्गदेखि १० किलोमिटर (कि.मि.) दक्षिण र मधेश प्रदेशको राजधानी जनकपुरधाम देखि १७ कि.मि. उत्तर पूर्वमा अवस्थित छ। वि.सं. २०६९ सम्म यस वनको अवस्था दयनीय भए पनि यसले धनुषाधामको ऐतिहासिक अस्तित्वलाई जोगाइराखेको छ। यो वन क्षेत्रलाई चारैतिरबाट धनुषाधाम नगरपालिकाको वडा नं. १, ३, ५ र ७ को आवादीले घेरेको छ। यस क्षेत्रमा बाँकी रहेको यस प्राकृतिक वनको कुल क्षेत्रफल ३६० हेक्टर छ। यो साल, खयर, सिसौ र कुकाठ मिश्रित वन हो। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका अनुसार धनुषा जिल्लाको बटेश्वर गाउँपालिका (गापा) मा १ हेक्टर, धनुषाधाम नगरपालिका (नपा) मा १,४९१ हेक्टर, गणेशमान चारनाथ नपामा १५,२५० हेक्टर, कमला नपामा २१ हेक्टर र मिथिला नपामा १०,०९५ हेक्टर वन क्षेत्र छन्। धनुषाधाम संरक्षित वनले जिल्लाको कुल वन क्षेत्रमध्ये १.३४ प्रतिशत ढाकेको छ।

पूर्व-पश्चिम लोकमार्गभन्दा दक्षिणमा कुनै अन्य वनसँग प्रत्यक्ष सम्पर्कमा नरहेको यस साल वनको अवशेष पनि अनियमित कटान, खुला र अत्यधिक चरिचरन, चारैतिरबाट समुदायको अनियन्त्रित प्रवेश, वन्यजन्तुको शिकार, वन क्षेत्रको जग्गा अतिक्रमणबाट ग्रसित थियो। यस वनबाट निजी उपभोगका लागि अनियन्त्रित रूपमा माटो र दाउराको संकलन गरिने हुँदा असोज २०६९ सम्म वन विनाश हुँदैगइरहेको थियो। देशमा भएका हरेक राजनीतिक परिवर्तनको संक्रमणकालीन समयमा यस वन भित्रका रूखहरू गैरकानूनी तरिकाले काट्ने र भारतको बजारमा तस्करी हुने परिपाटी व्यापक थियो। कुख्यात काठ तस्करका साथै उनका संरक्षकका रूपमा नेपालका राष्ट्रिय राजनीतिक दलका केन्द्रीय स्तरका राजनीतिज्ञहरूबाट यो वनलाई जोगाउन असम्भव जस्तै थियो। जिल्ला वन कार्यालय, धनुषाबाट यस वनका लागि दरबन्दी पाएका कुनै पनि कर्मचारी यो वनमा आएर बस्ने आँट गर्दैनथे।

दयनीय अवस्थाको वनलाई कसरी संरक्षित गर्न सकियो भन्ने कथा यहाँ प्रस्तुत गरिएको छ। वन संरक्षणको पक्ष र विरोधमा रहेका मानिस सँगको सम्बन्धको आधारमा विकास भएको आफ्नै अनुभवलाई यस लेखमा उतारिएको छ। वन संरक्षणको लागि काम गरेका स्थानीय बासिन्दा तथा संरक्षणकर्मीसँग गरेको कुराकानीलाई पनि यहाँ उल्लेख गरिएको छ। लेखको शुरूमा वन संरक्षणप्रति आफ्नो रुचि कसरी बढ्दैगयो भन्ने जानकारी छ। त्यसपछि धनुषाधाममा संरक्षित वन घोषणा र संस्था दर्ताको कथा, वन संरक्षणमा जनसहभागिता जुटाउने काम, संरक्षण अभियान व्यापक हुँदै जाँदा विरोधीहरूको पलायन,

खुल्ला चरिचरनमुक्त तथा अनियमित कटानमुक्त क्षेत्रको स्थापना आदिको वर्णन गर्दै धनुषाधाम वनको हालको अवस्थाबारे यो लेखमा चर्चा गरिएको छ ।

## वनप्रति मेरो रुचि

मेरो घर धनुषाधाम वनबाट ७ कि.मि. दुरीमा रहेको साबिक मिथिलेश्वर मौवाही गाविस (हाल मिथिला विहारी नगरपालिका वडा नं. ३) मा पर्दछ । यो वनकै समीपमा जन्मी हुर्किएकाले यसबारे म पहिल्यैदेखि जानकार थिएँ । जनकपुरधामको नेशनल एकेडमीमा आईकम पढ्दा-पढ्दै परिवारको आर्थिक अवस्था दयनीय भएकाले आफ्नो शिक्षालाई निरन्तरता दिन सकिनँ । त्यसपछि बीचमै पढाइ छोडेर भारतको राजधानी नयाँ दिल्लीमा जागिरको खोजीमा गएँ । सन् २००४ देखि २००६ सम्म दिल्लीको लक्ष्मीनगरमा चार्टर्ड एकाउन्टेन्ट संस्था सावन एसोसिएट्समा कार्यालय सहयोगीको रूपमा काम गरेँ । साथै, नजिकै रहेको विद्यालयमा कक्षा १२ मा भर्ना भएँ । त्यसपछि सन् २००६ को शुरूआतमा दिल्लीमा नै स्नातक तहमा भर्ना भएँ । सावन एसोसिएट्समा बसेर दिल्लीको आयकर भवनमा काम गराउन जाँदा त्यहाँ वन्यजन्तु सम्बन्धी काम गर्ने संस्था वाइल्डलाइफ एसओएसका चार्टर्ड एकाउन्टेन्ट सिवानकुमार दुधा पनि कहिलेकाहीँ आउँथे । तपस कुमार सरकारले आयकर भवनमा नै मेरो र सिवानकुमार दुधाको चिनजान गराए ।

मार्च २००६ मा दुधाले मलाई आफ्नो कार्यालयमा बोलाए । उनले मलाई वन र वन्यजन्तुमा कत्तिको रुचि छ भनेर सोधे । मैले १० कक्षा पढ्दासम्म आफ्नो गाउँ नजिकैको धनुषाधामको वनमा फुर्सदको अधिकांश समय बिताउने गरेको बताएँ । साथै, दिल्लीमा बस्दा पनि लक्ष्मीपुर र सकरपुर क्षेत्रमा वाइल्डलाइफ एसओएस संस्थाबाट गरिने सर्प उद्धार कार्यमा सघाइरहेको जानकारी उनलाई दिएँ । यो सुनेर उनले तिमी वाइल्डलाइफ एसओएसमा जागिर गर्न चाहन्छौ भनेर सोधे । मैले तुरुन्तै यसलाई त मेरो सपना पूरा भएको मान्नेछु भनेँ । अनि उनले अप्रिलदेखि जागिर शुरू गर भने । उत्तर प्रदेशको आगरामा भालु संरक्षण केन्द्रमा बसेर काम गरेमा उतै बस्ने, खाने र आउजाउ लगायतका सुविधा पाउने भएकाले तीन महिना दिल्लीमा बसेर संस्थाको काम सिकेर आगरा गएँ ।

कलन्दर समुदायले भारत र नेपालको वनबाट माउ भालुलाई मारेर उसका १–२ हप्ताका बच्चा समात्थे । अनि तिनलाई तालिम दिई गाउँघरतिर नचाउँदै हिँड्थे । यस्ता भालुलाई उद्धार गरी एसओएसमा पुनःस्थापना गरेर राखिन्थ्यो । म पुग्दासम्म सो केन्द्रले २८६ ओटा भालु उद्धार गरिसकेको थियो । त्यहाँ सन् २००६ मा लेखापालको रूपमा जागिर शुरू गरेर सन् २०१२ को अन्त्यसम्म आइपुग्दा म वरिष्ठ लेखापालमा बढुवा भइसकेको थिएँ । उक्त जागिर सँगसँगै मैले वातावरण तथा दिगो विकासमा स्नातकोत्तर तहसम्म आफ्नो शिक्षालाई निरन्तरता पनि दिएँ । वाइल्डलाइफ एसओएसमा कार्यरत रहँदा मेरो मुख्य जिम्मेवारी आर्थिक

व्यवस्थापनको भए पनि मेरो व्यक्तिगत रुचिका कारण समय मिलेसम्म हरेक वन्यजन्तुको उद्धारका लागि फिल्डमा पनि जान्थेँ। आगरा भालु संरक्षण केन्द्रमा पुनःस्थापना गरी राखिएका भालु बाहेक आगरा र मथुरा जिल्लाका गाउँहरूबाट प्रायः उद्धार हुने वन्यजन्तुमा सर्प, गोही, बाँदर, लँगुर र निलगाई हुन्थे भने हुँडार, सालक र अन्य जनावरहरूको समेत कहिलेकाहीँ उद्धार हुने गर्थ्यो। सन् २०१०/११ तिर आएर संस्थाले दयनीय अवस्थामा रहेका घरपालुवा र सर्कसका हात्तीलाई समेत उद्धार गरी छुट्टै हात्ती उद्धार केन्द्र स्थापना गरेको थियो। यसरी आगरामा लगभग ५०० जति वन्यजन्तुसँगै एउटै परिसरभित्र बसेर काम गर्दा मैले वन तथा वन्यजन्तु संरक्षणको क्षेत्रमा प्रत्यक्ष अनुभव बटुल्न सकेको थिएँ।

करिब ४०० वर्षदेखि भालुको नाच देखाएर जीविकोपार्जन गर्दैआएका कलन्दर समुदायबाट भालु जफत गर्दा उनीहरूको वैकल्पिक उपायका लागि विभिन्न सिपमूलक तालिम मार्फत सिप हस्तान्तरण गरी आवश्यक पूँजीको समेत व्यवस्था गरिदिन्थ्यौँ। उनीहरूका बच्चालाई उच्च माध्यमिक स्तरसम्म शिक्षाको सम्पूर्ण खर्च पनि एसओएस संस्थाले नै व्यवस्थापन गर्ने गर्थ्यो। अरू शीर्षस्थ कर्मचारी दक्षिण भारतीय मूलका भएकोले र विशुद्ध प्राविधिक क्षेत्रबाट भएकाले उत्तरी भारतका कलन्दर समुदाय सँगको सम्पूर्ण किसिमको समन्वय पनि मैले नै गरेको थिएँ। यसरी वन्यजन्तुका साथै सामुदायिक स्तरमा समेत म पुग्न सकेको थिएँ। यसका अतिरिक्त सो केन्द्रमा काम गर्दाका सहपाठीहरू काजल जादब, ईल्याराजा सेलवराज, बैजुराज एम.भी., प्रेरणा शर्मा लगायत भारतको चारैतिरबाट करिब ७८ जना कर्मचारीहरू समेत बस्ने भएकोले भारतको हरेक संस्कृति र परम्पराबारे समेत अनुभव लिने अवसर भएको थियो। त्यहाँको अनुभवले आफ्नै ठाउँमा फर्केर गाउँठाउँको वन संरक्षणमा पनि काम गर्न सकिन्छ कि भन्ने मलाई लागेको थियो। त्यसैले म छुट्टिमा घर आएका बखत धनुषाधामबारे खोजखाज गर्न थालेँ। पछि गएर मिथिला वाइल्डलाइफ ट्रष्ट स्थापना गर्दाको संघर्षबारे आउने खण्डमा चर्चा गर्नेछु।

धनुषाधाममा दयनीय अवस्थामा रहेको वनको संरक्षण गर्न यसका चुनौतीहरू के-के छन् भनी शुरूमा त्यसबारे जानकारी संकलन गरेँ। तत्कालीन धनुषाधाम इलाका वन कार्यालय (हाल धनुषाधाम सब-डिभिजिन वन कार्यालय) का कर्मचारी र मिथिला वाइल्डलाइफ ट्रष्टका सदस्यहरूसँग सहकार्य गरी यस वनलाई संरक्षण गर्ने अठोट गरेँ। धनुषाधामको वन क्षेत्र भित्रैबाट वाणगंगा नदीको उत्पत्ति र सँगै धनुष मन्दिर पनि रहेकोले नेपाल सरकारले यस वनलाई धार्मिक क्षेत्रको रूपमा वर्गीकरण गरेको थियो। तापनि वनको स्वरूपमा रहेकोले तत्कालीन जिल्ला वन कार्यालय, धनुषाले यस वन क्षेत्रलाई संरक्षण र व्यवस्थापन गर्दै आइरहेको थियो। यस वन क्षेत्रको संरक्षणको शुरूआत गर्नु पहिले यसको संरक्षणमा अहिलेसम्म सरकारी तथा गैरसरकारी स्तरबाट भएका प्रयासहरू, ती प्रयासहरूको सफलता र असफलताका कारण र अबका दिनमा मैले सोचे बमोजिमको विकास सम्भव भए-नभएको

बुझ्न मैले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी-माओवादीका नेता रामचन्द्र मण्डलसँग सल्लाह गरेँ । उनले नै आफूसँगै पहिलो पटक मलाई जिल्ला वन कार्यालय, धनुषामा बैठकका लागि लगे । वन कार्यालयमा हामी पहिलो पटक उनकै अगुवाइमा जिल्ला वन अधिकृत (डीएफओ) हरिनारायण मण्डल र विकास फाँटका सहायक वन अधिकृत (सवअ) सुरेश शर्मासँग भेटेर छलफल गऱ्यौँ । जिल्ला वन अधिकृत मण्डलले सवअ शर्मासँग निरन्तर सम्पर्कमा बस्न र उनीबाट नै आवश्यक सम्पूर्ण सहयोग र सूचना पाउने सुझाव दिए । सोही बमोजिम मैले उनीसँग धनुषाधाम वनको सन्दर्भमा अहिलेसम्म भएका गतिविधि र प्रगति सम्बन्धी छलफल गरेँ ।

सो छलफल बमोजिम २०३२/३३ सालदेखि यस क्षेत्रको विकासका लागि गरिएका केही प्रयास असफल हुँदैआएको देखियो । यसको कुनै अभिलेख नभए पनि गरिएका वृक्षरोपणबाट बचेका केही रूखहरू प्रमाणका रूपमा रहेका थिए । पुनः आर्थिक वर्ष (आ.व.) २०४४/४५ देखि यस क्षेत्रलाई धनुषाधाम वन उद्यान नामकरण गरी दीर्घकालीन रूपमा यसको संरक्षण तथा विकासको लागि एउटा कार्यक्रम तर्जुमा गरी आ.व. २०४६/४७ सालसम्म लागु भयो । उक्त कार्य अवधिमा केही विकास कामहरू जस्तै : वन सिमाना तय गर्ने, वृक्षरोपण गर्ने, नर्सरी बनाउने, इत्यादि भए-गरेको पाइन्छ । धार्मिक पुरातात्विक तथा वातावरणीय महत्त्वले गर्दा यसले सदैव संरक्षित वनको रूपमा कायम राख्न पुनः आ.व. २०५३/५४ देखि कार्ययोजना बनाई कार्यक्रम पेश भएकोमा कार्यान्वयन हुन सकेन । आ.व. २०५७/५८ मा धनुषाधाम वन उद्यान योजना तयार गरी जिल्ला वन कार्यालय धनुषा मार्फत प्रस्ताव प्रस्तुत भएको देखियो । सोही अनुरूप केही मात्रामा विकास कामहरू समय-समयमा हुँदैआएका थिए ।

वन उद्यानलाई सधैँ हराभरा राख्ने उद्देश्यले खाली क्षेत्रमा माटो तथा हावापानी सुहाउँदो प्रजातिका विरुवा उत्पादन गरी वृक्षरोपण गर्ने, वन क्षेत्रभित्र रहेको प्राकृतिक साल तथा कुकाठको पुनर्उत्पादनलाई व्यवस्थापन गरी थिनिङ, प्रुनिङ, क्लिनिङ गर्ने भनियो । यसबाट प्राप्त काठ, पोल, दाउरा उद्यानको आम्दानीको रूपमा लिने, यस क्षेत्रलाई सदैव हराभरा राख्न भू-संरक्षणको पनि महत्त्वपूर्ण भूमिका हुने हुनाले सो कार्यको लागि आवश्यक ठाउँमा भू-संरक्षण कार्यक्रम सञ्चालन गर्ने भनियो । सो अनुसार चौकिदार पोष्ट निर्माण गर्ने, चौकिदार तथा आवश्यक संरक्षक कर्मचारीको सम्बन्धित निकायले व्यवस्था मिलाउने योजना गरियो । यस क्षेत्रलाई चरिचरनबाट जोगाउन दुई मिटरको फरकमा सिमेन्ट पिलरमा काँडेदार तार घेरी संरक्षण गर्ने उपाय अपनाउने जस्ता प्रयासहरू समय-समयमा गरिए । तर, स्रोत-साधनको अभावले गर्दा विगतमा भएका कामको पनि संरक्षण हुन नसकी समस्याहरू यथावत रहेको देखियो ।

आ.व. २०६०/६१ तिर जनकपुरधाम उप-महानगरपालिका वडा नं. ९ का सुरेश पञ्जियारले स्थानीय लगानीकर्ताको लगानी र स्थानीय बासिन्दाको सहकार्यमा "एग्रोफरेष्ट्री

मोडेल" मा वनभित्र जडिबुटीहरू उत्पादन गर्ने र बिक्री-वितरण गर्ने योजनामा समेत सघन रूपमा छलफल भएको थियो । तर, राष्ट्रिय वनमा निजी लगानी गर्ने र त्यहाँबाट निजी लगानीकर्तालेआफ्नो लगानी फिर्ता पाउनसक्ने उचित आधार प्रस्ट नभएकोले सो अभियान पनि सञ्चालनमा आउन सकेन ।

यस्तो परिस्थितिमा सवअ सुरेश शर्माको सुझाव अनुसार तत्कालीन डीएफओ हरिनारायण मण्डल, तत्कालीन क्षेत्रीय वन निर्देशक अखिलेश्वर लाल कर्ण, तत्कालीन महानिर्देशक ब्रजकिशोर यादव र तत्कालीन वनमन्त्री यदुवंश झा सबै जनासँग व्यक्तिगत रूपमा भेटेर मैले छलफल गरेँ । सबै जना जनकपुरका नै भएकोले सबै सकारात्मक नै थिए । मैले खोजेको वन संरक्षणको कुरा सम्भव हुनसक्ने देखिएकाले केही गर्न सकिने आशा लिएर म भारत फर्केँ । त्यहाँ वाइल्डलाइफ एसओएसमा काम गरिरहेको सिनियर लेखापाल पदको जागिरको बुझ-बुझारथ गरी जागिर छोडेर नेपाल फर्किने र धनुषाधामको वनलाई एउटा नमूनाको रूपमा विकास गर्ने अठोट गरेँ ।

## संरक्षित वनको घोषणा र संस्था दर्ताको कथा

मंसिर ८, २०६९ देखि धनुषाधामको वन संरक्षण र विकासको अभियानमा मेरो सक्रियता शुरू भयो । यो मितिमा नेपालमा वन, वन्यजन्तु र वनस्पतिको क्षेत्रमा दखल राख्ने विज्ञहरूको सहभागितामा तत्कालीन धनुषाधाम इलाका वन कार्यालय (हाल धनुषाधाम सब-डिभिजन वन कार्यालय) मा राष्ट्रिय स्तरको गोष्ठी आयोजना भयो । त्यस गोष्ठीले धनुषाधामको वन क्षेत्रलाई धनुषाधाम संरक्षित वनको रूपमा घोषणा गर्ने निर्णय गर्‍यो । गोष्ठीमा नेपाल सरकारका तत्कालीन वन तथा भू-संरक्षण मन्त्री यदुवंश झा, वन विभागका तत्कालीन महानिर्देशक ब्रजकिशोर यादव र क्षेत्रीय वन निर्देशनालय, मध्यमाञ्चल विकास क्षेत्रका तत्कालीन निर्देशक अखिलेश्वर लाल कर्ण, तत्कालीन धनुषा जिल्ला वन कार्यालयका अधिकृत हरिनारायण मण्डल र सहायक वन अधिकृत सुरेश शर्माको सक्रियता रहेको थियो । उक्त गोष्ठीमा उपस्थित विज्ञहरूको सल्लाह बमोजिम फागुन १४, २०६९ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरेर यस वनलाई धनुषाधाम संरक्षित वनको रूपमा घोषणा गर्‍यो ।

धनुषाधाम वनलाई संरक्षित वनको रूपमा घोषणा गर्दै राजपत्रमा सूचना प्रकाशन गर्ने प्रक्रिया अघि बढाइएपछि नेपाल फर्किने उपयुक्त समय भएको ठानेँ र वाइल्डलाइफ एसओएसको जागिरबाट राजीनामा दिएर म नेपाल फर्के । नेपाल फर्किसकेपछि जिल्ला वन कार्यालयका सवअ सुरेश शर्माका सुझाव बमोजिम वन र वन्यजन्तु संरक्षण सम्बन्धी कुनै पनि गतिविधि गर्न व्यक्तिगत रूपमा अप्ठ्यारो हुने र एउटा गैरसरकारी संस्था स्थापना गर्नुपर्ने आवश्यकता देखियो । भारतमा काम गर्दाका आफ्ना सहकर्मी बैजुराज एम.भी.सँग सल्लाह र सुझाव लिई संस्थाको उद्देश्य, नामकरण, लोगो आदिमा छलफल गरेर कुरा

अगाडि बढ्दै थियो । बैजुराजले दिएका सबै सुझावहरू अंग्रेजीमा रहेको तर नेपालमा संस्था दर्ताका लागि नेपाली भाषा मात्रै चल्ने भएकोले नेपालीमा उल्था गर्न मलाई त्यति बेला ठूलै चुनौती भएको थियो । तर, यसलाई सहजीकरण गर्न उमेश साहले मलाई गौरी क्याम्पसका सञ्चालक किशोरी नायकसँग सम्पर्क गराए ।[२] उनी जनकपुरधामको रामस्वरूप रामसागर बहुमुखी क्याम्पसमा अंग्रेजीका प्राध्यापक समेत थिए । हामीले अंग्रेजीमा लेखेर दिएका सबै उद्देश्यहरूलाई केही दिनको समय लिएर उनले नेपालीमा उल्था गरिदिए ।

नेपालको प्रशासन र व्यवस्थापन सम्बन्धी अलिकति पनि अनुभव नरहेकोले जनकपुरमा आफ्ना चिनजानका साथीहरूसँग सल्लाह गर्दा नेपालमा राष्ट्रिय स्तरका कुनै पनि विकास निर्माणको कामका लागि कुनै न कुनै राजनीतिक व्यक्तिको सहारा लिनै पर्छ भन्ने एक खालको बुझाइ हुनपुग्यो । यस्तो अवस्थामा मेरो सबैभन्दा नजिकको नेता र नातेदार पनि भएकोले मैले तत्कालीन नेकपा माओवादीका नेता रामचन्द्र मण्डलसँग ठूलै सहयोगको अपेक्षा राखेको थिएँ । माओवादी पार्टी दश वर्षे सशस्त्र द्वन्द्व (२०५२–२०६२ साल) पछि भर्खरै खुला राजनीतिमा प्रवेश गरेको थियो । त्यही बेला एक बौद्धिक नेताको रूपमा पहिचान बनाएका रामचन्द्र मण्डलको उपस्थितिमा धनुषाधाम वनको संरक्षण र विकास सजिलै सम्भव हुन्छ भन्ने बुझाइ ममा थियो । सोही कारण मैले काम गराइको क्रममा आउने हरेक समस्याको समाधानका लागि उनीसँग अपेक्षा राखी सहयोग माग्न थालेँ । सुरेश शर्मा, बैजुराज एम.भी. र रामचन्द्र मण्डलको संयुक्त सुझाव बमोजिम दर्ता गराउन लागेका संस्थाको नाम "मिथिला वाइल्डलाइफ ट्रष्ट" राखेर जिल्ला प्रशासन कार्यालय, धनुषामा संस्था दर्ताका लागि फाइल पेश गरेँ ।

धनुषाधाम संरक्षित वनमा मंसिर ८, २०६९ मा सम्पन्न गोष्ठीमा उपस्थित जिल्ला प्रशासन कार्यालयका तत्कालीन प्रमुख (सीडीओ) लाई यस वनको विकास बारेका हरेक कुराको जानकारी थियो । उनले वन्यजन्तु संरक्षणको काम गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र राष्ट्रिय प्रकृति संरक्षण कोष भएकोले उस्तै उद्देश्य राखेर एउटा गैरसरकारी संस्था दर्ता हुन सक्दैन भनी फाइल दर्ता गर्न मानेनन् । वनको विकासका लागि ठूलै रकमको लगानी हुने र त्यसबाट आफूले पनि केही अंश पाउनुपर्ने उनको भित्री आशय थियो । दशकौँसम्म मधेशमा हुने विकासको सम्भावना रोक्ने प्रतीकका रूपमा उनी पनि देखिए ।

दिनहुँ कार्यालय धाइरहँदा जिल्ला विकास समितिबाट पुस २०, २०६९ मा संस्था दर्ता सम्बन्धी सिफारिस लिएको फाइल पुस २५ मा मात्रै दर्ता गरियो । माघ ९ मा जिल्ला प्रशासन कार्यालय (जिप्रका) धनुषाले संस्था दर्ता सम्बन्धी राय प्रतिक्रियाका लागि पत्र पठाउन लगायो । सोही वर्षको फागुन ८ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट

[२] उमेश साह पछि दर्ता भएको संस्था मिथिला वाइल्डलाइफ ट्रष्टका संस्थापक सचिव भएका थिए ।

संस्था दर्ताको लागि स्वीकृति आइसकेपछि पनि जिप्रकाले फेरि फागुन १६ मा धनुषाको जिल्ला वन कार्यालयसँग राय प्रतिक्रिया माग गर्‍यो । वन विभाग, काठमाडौँले नै सिफारिस गरिसकेपछि पुनः जिल्लाबाट सिफारिस आवश्यक नपर्ने जिल्ला वन कार्यालय, धनुषाका प्रमुखले जिकिर गरे । जिप्रकाले दर्ता प्रमाणपत्र दिन आलटाल गरिरहँदा दुई महिना बित्न लागेको थियो । तर, कार्यालयसँग भने अब देखाउन मिल्ने कुनै पनि बहाना बाँकी थिएन ।

संस्था दर्ता नगर्ने वा अल्झाइराख्ने मानसिकता प्रस्ट देखिन थालेपछि मैले माओवादीका नेता रामचन्द्र मण्डललाई गुहारेँ । उनले आवश्यक पर्दा सहयोग प्रदान गर्ने वाचा गरेका थिए । एक पटक उनी जिल्ला विकास समितिको कार्यालयमा माओवादी पार्टीको भ्रातृ संगठन योङ कम्युनिष्ट लिग (वाईसीएल) का लगभग ३०–३५ जना कार्यकर्ताहरूसँगै एउटा छलफलमा बसेका थिए । छलफल सके लगत्तै समूह सहित उनी जिप्रकामा आए । त्यति बेला पनि जिल्ला प्रशासन कार्यालयमा कार्यरत एक नायब सुब्बाले प्रमाणपत्र दिन नमिल्ने बताउँदै थिए । त्यसपछि उनलाई हप्काउन थालियो । या त संस्था दर्ताको प्रमाणपत्र तुरुन्तै देऊ, यदि कुनै कारणले दिन मिल्दैन भने लेखेर देऊ भनेर हप्काएपछि पनि कुनै प्रतिक्रिया दिएनन् ।

उनले कुनै प्रतिक्रिया नदिएपछि वाईसीएलका एक कार्यकर्ताले उनको कठालो समातेर, "तिमीले जनताको काम नगर्ने भएपछि कार्यालयबाट बाहिर निस्क" भनेर बाहिर निकाल्न थाले । जिल्ला प्रशासन कार्यालयमा ठूलै हल्लाखल्ला भयो र अन्ततः फागुन २०, २०६९ मा संस्था दर्ताको प्रमाणपत्र दिइयो । दुई दिनपछि तिनै नायब सुब्बाले आफै फोन गरेर कार्यालय बाहिर भेट्न खोजे । हामी जनकपुरको गंगासागर तलाउको पूर्व-उत्तर कुनामा भेट्यौँ । उक्त भेटमा प्रमुख जिल्ला अधिकारीले संस्था दर्ता गर्न कम्तिमा पनि रु. २५,००० लिएर मात्रै प्रमाणपत्र दिन आफूलाई निर्देशन दिएको उनले बताए । त्यसैले, आफूले आलटाल गर्नुपरेको उनको भनाइ थियो ।

संस्था दर्ता गर्न दुई महिनासम्म जिप्रकामा दिनहुँ उपस्थित हुँदै बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म बस्नुपरेको थियो । आवश्यक नै नभएको विषयमा राय प्रतिक्रियाहरू लिन दुई जनालाई काठमाडौँ छ पटक जान-आउन परेकोले मिथिला वाइल्डलाइफ ट्रष्टको दर्ताका लागि आवत-जावत, खाना खर्च, पटक-पटक काठमाडौँ जाँदा भएको बसाइको खर्च आदिमा रु. ७८,२०० नगद खर्च भइसकेको थियो । शुरूको तीन पटक काठमाडौँ जाँदा हामी क्रमशः रमेश मण्डल, दिनेश महतो र प्रमोद यादवको कोठामा नबसेको भए यो खर्च अझै बढी हुने थियो । संस्था दर्ता सम्बन्धी कामको लागि मात्रै पहिलो पटक म काठमाडौँ गएकोले कुनै पनि बाटो थाहा थिएन । त्यसको लागि काठमाडौँमा बस्ने कुनै विद्यार्थीको जरुरत परेको थियो । कहिलेकाहीँ ट्याक्सी पनि भाडामा लिन पर्दथ्यो, यसले पनि खर्च बढाउँथ्यो । विद्यालयमा पढ्दा बाहेक कहिले पनि नेपाली नबोलेको र

विद्यालयपछि भारत गइसकेकोले सार्वजनिक यातायातमा एक्लै आवत-जावत गर्दा समेत रमेश मण्डल र दिनेश महतोबाट सहयोग लिएको थिएँ। उनीहरूसँग सोधेर एउटा कागजमा भाषाको टिपोट गरी काठमाडौँको यात्रा गर्नुपरेको थियो ।

डिसेम्बर २०१२ मा भारतबाट नेपाल फर्किनुअघि त्यहाँ काम गर्दा चिनजान भएका दुई जना व्यक्तिबाट अमेरिकास्थित अन्तर्राष्ट्रिय दातृ निकायले वन तथा वन्यजन्तु संरक्षणको लागि पहिलो चरणमा १६ करोड रुपियाँ सहयोग दिने र बढीमा २५ करोड रुपियाँ सम्मको रकम सहयोग स्वरूप प्राप्त हुने आश्वासन पाएको थिएँ। ती दाताहरूले मैले काम गर्ने भारतीय संस्थामा १७ करोड जति भारतीय रकम सहयोग प्रदान गरेका थिए। नेपालको तराईमा पनि वन्यजन्तु संरक्षणको क्षेत्रमा उनीहरूले सहयोग गर्न तयार भएकोले सो प्राप्त गर्न सकिनेमा म पूर्ण विश्वस्त थिएँ। अंग्रेजी आर्थिक वर्ष मार्च २०१३ सम्ममा सो रकम खर्च गर्नुपर्ने कुरा अघि नै दाताहरूबाट थाहा पाएकोले नै म डिसेम्बर महिनामै फर्केर नेपाल आएको थिएँ। भारतमा काम गर्दाको अनुभवले संस्था दर्ता गर्न बढीमा १५ दिन समय लाग्ला भन्ने मेरो बुझाइ थियो । डिसेम्बरभित्रै संस्था दर्ता गर्ने र जनवरीदेखि कामको थालनी गर्ने योजना मैले बनाएको थिएँ । संस्था दर्ताको समय लम्बिदै जाँदा दाताहरू निराश हुँदै गइरहेको अनुभव हुन थाल्यो । अन्तिम पटक हामीले मार्च ५, २०१३ मा कुरा गर्दा दाताहरू सो रकम मार्चभित्रै नेपालमा ल्याउन सकिने सम्भावना छ कि छैन भन्नेबारे मबाट प्रस्ट हुन चाहन्थे । तर, मसँग सो प्रश्नको कुनै प्रस्ट उत्तर थिएन ।

सोही समयमा उनीहरूले भने, "तिमीले त्यहाँ संस्था दर्ता गराउन यति धेरै संघर्ष गर्न परिरहेको छ भने तिमीले २५ करोडभन्दा बढीको परियोजना कसरी सफल पार्न सक्छौ ? यसमा हामी विश्वस्त हुने कुनै आधार छैन।" मैले उनीहरूलाई रु. २७ करोडको परियोजना प्रस्ताव पेश गरेको थिएँ । त्यो बेला मसँग उनीहरूको प्रश्नको कुनै उत्तर थिएन । बरु उनीहरूले मलाई भारत फिर्ता आउन र त्यहीँको परियोजनामा पुनः काम गर्न कर समेत गरेका थिए। पछि सो रकमबाट दक्षिणी भारतको कर्नाटका प्रदेशको बेंगलोरमा कुनै एक वन छेउको निजी जग्गाहरू किनेर बिरुवा लगाएर हुर्काई वन कार्यालयलाई हस्तान्तरण गरिएको खबर उनीहरूबाट थाहा पाएको थिएँ। संस्था दर्तामा भएको ढिलाइले भारतमा सँगै काम गरिरहेका सहयोगी व्यक्ति र संस्थामा नकारात्मक छाप पर्दै गयो जसले धनुषाधाम खुला चिडियाखाना परियोजना सफल हुँदैन भन्ने सन्देश दियो। तत्कालीन प्रमुख जिल्ला अधिकारीको २५,००० रुपियाँको लालचले धनुषाधाम संरक्षित वनलाई खुला चिडियाखाना बनाउने सपना सफल भएन । तर, वि.सं. २०७८ को अन्त्यसम्म आउँदै गर्दा मिथिला वाइल्डलाइफ ट्रष्टले राष्ट्रिय स्तरमा आफ्नो पहिचान बनाउँदै गरेपछि ती दाताहरूसँग फेरि छलफल शुरू भएको छ र उनीहरूको सहयोग पाउन सकिने आशा फेरि पलाएको छ ।

## वन संरक्षणका प्रयास र जनसहभागिता

नेपाल सरकारले फागुन १४, २०६९ मा राजपत्रमा सूचना प्रकाशन गरेर धनुषाधाम संरक्षित वनको रूपमा घोषणा गरिसकेको थियो र फागुन २०, २०६९ मा मिथिला वाइल्डलाइफ ट्रष्टको दर्ता प्रमाणपत्र पनि प्राप्त भइसकेको थियो । संस्था दर्ता भएसँगै ट्रष्टले तत्कालीन धनुषाधाम इलाका वन कार्यालयका कर्मचारीसँग सहकार्य गरेर वन वरिपरिका समुदायसँग धनुषाधाम संरक्षित वनको पहिले र अहिलेको अवस्था, संरक्षणको आवश्यकता र संरक्षण गरे पश्चात् समग्रमा त्यहाँको समुदाय, राष्ट्र र मानव लगायत सम्पूर्ण प्राणीलाई हुनसक्ने लाभको विषयमा केन्द्रित रहेर छलफल भइरहेका थिए । पहिलो चरणमा तत्कालीन धनुषाधाम, धनुषा गोविन्दपुर, उमाप्रेमपुर र यज्ञभूमि गाविसमा गएर गाउँ स्तरीय छलफल गरियो ।

ती छलफलमा पाका सहभागीले वन मास्दै गरेको आफ्नै आँखाले देखेको बताएका थिए । उनीहरूले २०३६ सालतिर संरक्षणमा पुऱ्याएका योगदानलाई बेवास्ता गरी २०४३ सालतिर आफ्नै आँखा अगाडि वन मासिँदै गर्दाको पीडादायी क्षणको वर्णन गरिरहेका थिए । स्थानीयको मुहारमा झल्केको पीडाले यो वनप्रति उनीहरूको अगाध माया प्रकट गर्थ्यो । देशमा आएका हरेक राजनीतिक परिवर्तनका बेला यो वन मासिएको उनीहरू बताउँथे । यो वन विनाशको प्रमुख पात्रको रूपमा उनीहरू हेमबहादुर मल्लको नाम लिन्थे । मल्ल वि.सं. २०४३ मा वनमन्त्री हुँदा यहाँका रूखहरू काटेर भारतमा बिक्री गरेका थिए । हेमबहादुर मल्लको हात्तीको रेखदेख गर्ने माहुते समेत रहेका एक जना वृद्ध र सरसा गाउँ निवासी मल्लकै छिमेकीले समेत धनुषाधामदेखि भारतीय सीमानासम्म काठ ढुवानी गर्ने बयलगाडाको ताँती लाग्ने कुरा बताएका थिए ।[३]

हेमबहादुर मल्ल वनमन्त्री हुँदा गैरकानूनी रूपमा काठ कटानको आदेश दिएको कारण वि.सं. २०४६ को अन्त्यतिर उनी जेल समेत चलान भएका थिए । उनले ५,००० क्यूबिक फीट कटान आदेश दिनुपर्ने ठाउँमा अनियमित रूपमा ५,४२,००० क्यूबिक फीट काठ कटान गर्ने आदेश दिएका थिए । उक्त काठ तत्कालीन बजार मूल्यको एकतिहाई दरमै बिक्री गरेको प्रमाणित भएको थियो ।[४] माओवादी द्वन्द्वकालमा केही विद्रोही नेताले वन जोगाउनका लागि पहल गर्थे भने केही स्थानीय माओवादी अगुवाहरूले वन काटेर बेच्ने गरेको अनुभव पनि धनुषाधाम नगरपालिकाको मंगलपुर र धरमपुर टोलका समुदायले सुनाएका थिए । छलफलका अधिकांश पाका सहभागीहरूले वन कार्यालयका कर्मचारीहरू, धनुषाधाम क्षेत्रका राजनीतिकर्मी हेमबहादुर मल्ल र आनन्दप्रसाद ढुंगानाका साथै धनुषाधाम इलाका प्रहरी कार्यालयका केही प्रहरी निरीक्षकहरू विरुद्ध कडा आक्रोश व्यक्त गरेका थिए ।

[३] धनुषाधाम नपामा पर्ने सरसाको माध्यमिक विद्यालयमा जेठ ६, २०७१ मा धनुषाधाम वनको संरक्षणका लागि सो गाउँका बासिन्दासँग गरिएको छलफलमा आधारित ।

[४] हेर्नुहोस्, http://personal.colby.edu/personal/t/thtieten/defor-nep.html

धरमपुर गाउँका शिवजी यादवको दलानबाट शुरू भएको छलफल कार्यक्रम मंगलपुर, ९०० बिघाको दुवै टोल, किसानपुर, भगवानपुर, सरसा, तेजनगर र धनुषा खोइर हुँदै नौ ओटा टोलमा दोस्रो चरणको अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

पहिलो र दोस्रो चरणको छलफलका क्रममा सहभागी स्थानीयहरूबाट व्यक्त प्रतिक्रिया यस्ता थिए : १) पहिलेका कर्मचारीले वन सबै बेचिसके, अब तिमीहरूलाई वनमा बेच्नसक्ने केही पनि नभएकोले वन जोगाउनु पर्ने ढिपी कस्दैछौ । यदि हामीले संरक्षणमा सघाएर रूख बढे भने फेरि तिमीहरू नै काट्न आउँछौ । २) हामीलाई संरक्षणका लागि नगुहार, पहिला तिम्रा कर्मचारीलाई नै ठाउँमा राख । ३) रूख काट्ने र जोगाउने जिम्मा वन कार्यालयको हो, यसमा हामीले चाहेर जोगिने अथवा काटिने सम्भावना न्यून छ । ४) वन त सरकारी सम्पत्ति हो यसको संरक्षण अथवा विकाससँग हामीलाई के सरोकार ? र, ५) वन साधारण जनताले होइन, यहाँका ठूला-ठालु भनाउदा नेताको कारणले विनाश भएको हो ।

नेपालमा नागरिकता सम्बन्धी ऐन, २०२० र त्यसको एक वर्षपछि भूमि सम्बन्धी ऐन, २०२१ ल्याएर सम्पूर्ण मधेशी समुदायको भोगचलनमा रहेका जग्गालाई रणनीतिक रूपले राष्ट्रियकरण गरियो ।[५] नेपाल सरकारलाई बुझाउनका लागि ती जग्गाको कूत/लगान संकलन गर्न पहाडी समुदायका शासकका प्रतिनिधिहरूलाई विर्ताको रूपमा सो जग्गा निःशुल्क दिएर मधेशका गाउँहरूमा बसाइएको थियो । मधेशका लगभग हरेक क्षेत्रमा यस्ता प्रतिनिधिहरू बसाइएका थिए, जसको प्रमाण अहिले पनि हरेक ५–१० गाउँको बीचमा पहाडी समुदायको एउटा ठूलो ठालु देख्न पाइन्छ । तीमध्ये धनुषाधाम क्षेत्रका लागि सरसा गाउँमा बसाइएका एक शासक थिए, हेमबहादुर मल्ल ।

सरसा गाउँको छलफल कार्यक्रममा केही यस्ता पाका सहभागीहरू पनि थिए, जसले हेमबहादुर मल्लको निर्देशनमा एक दिनमै एक हजारभन्दा बढी रूख काटिरहँदा उनकै दैनिक ज्यालादारी मजदुरको रूपमा त्यहाँ काम गरेका थिए ।[६] यस्तै, धनुषा खोइर र मंगलपुरका केही मुसहर समुदायका व्यक्तिले आफूहरू केन्द्रीय स्तरमै प्रभाव राख्ने एक स्थानीय नेताको निर्देशनमा रूख काट्न दैनिक ज्यालादारीमा काम गरेको अनुभव सुनाएका थिए । उनका पुर्खा पनि धनुषाको खोइर गाउँमा नेपालका शासकद्वारा स्थापित गरिएका

[५] नेपालले पहिलो पटक वि.सं. २०२० मा लिखित रूपमा नागरिकता सम्बन्धी ऐन ल्यायो । यो लागु भएपछि, कम्तीमा तीन लाइन नेपाली भाषा बोल्न जान्नेलाई मात्रै नेपालको नागरिकता दिने व्यवस्था गरियो, र त्यो व्यवस्था मधेशी समुदायको हकमा मात्रै लागु भयो । राजपरिवारका पुरोहित, जो प्रायः मधेशी मूलको ब्राह्मण जातिका हुन्थे ती, र नेपालीभाषी समुदायका सम्पर्कमा रहेका केही व्यापारी बाहेक अधिकांश मधेशी समुदायलाई रणनीतिक रूपले नेपालको नागरिकताबाट वञ्चित गराइयो ।

[६] सरसा गाउँका बासिन्दासँग जेठ ६, २०७१ मा गरेको कुराकानी ।

सरकारका प्रतिनिधि थिए । धनुषाधाम वरिपरिका समुदाय उनलाई "सानो हेमबहादुर मल्ल" को संज्ञा दिन्छन् ।

हामीले चलाएका बृहत् छलफल कार्यक्रममा अधिकांश वृद्ध नागरिकले आलोचनाबाट नै आफ्ना कुराकानीको शुरूआत गरे तापनि समापनमा "यदि साँच्चिकै वन संरक्षण गर्न खोजेको हो भने हामी तपाईंहरूको साथमा छौँ" भनेर प्रतिबद्धता जनाउँथे । छलफल कार्यक्रममा मिथिला वाइल्डलाइफ ट्रष्टको संस्थापक अध्यक्षको तर्फबाट मैले एउटा जनचेतनामूलक भिडियो देखाउँथे । सो प्रस्तुतिमा वातावरणमा एउटा रूखको महत्त्व, एउटा सालको रूखबाट बनेको काठको बजार मूल्य लगभग रु. २ लाखदेखि रु. ३ लाखसम्म हुने र त्यसले आफ्नो जीवनभरिमा दिने अक्सिजन र वातावरणमा पुर्‍याउने योगदानको आर्थिक मूल्य रु. ४० लाखभन्दा बढी रहेको सन्देश समेटिएको थियो ।

वन विनाशले गर्दा वातावरणमा पुगेको वास्तविक क्षति र वातावरणीय असन्तुलन, मौसममा आएको अनपेक्षित परिवर्तन, जैविक विविधताको ह्रासको अवस्था र विश्वव्यापी रूपमा बढ्दो तापक्रम (ग्लोबल वार्मिङ) लगायतका विषयमा पनि चर्चा परिचर्चा गरिन्थ्यो । त्यति बेलासम्म वर्षामा आश्रित भएर खेती गर्ने चलन रहेको हुँदा कृषक वर्गलाई चाहिएको बेला वर्षा नहुने र नचाहिएको बेला अत्यधिक वर्षा हुने अनुभव किसानहरूको थियो । त्यसै गरी, फलफूलको फल्ने र पाक्ने समय चाँडै आउने तथा पहिला जस्तो मीठो स्वाद पनि नहुने कुरा किसानले प्रत्यक्ष रूपमा अनुभव गरेको अन्तर्क्रियात्मक तरिकाले प्रस्तुत गर्थे । यो अनुभवले गर्दा पनि हरेक किसानले वन संरक्षणमा सघाउने प्रतिबद्धता जाहेर गर्दथे ।

सोही क्रममा तत्कालीन इलाका वन कार्यालय, हाल धनुषाधाम सब-डिभिजन वन कार्यालयका प्रमुख तथा सहायक वन अधिकृत शंकरनारायण झा र मिथिला वाइल्डलाइफ ट्रष्टको अध्यक्षको तर्फबाट मैले संयुक्त रूपमा एउटा बुँदालाई धेरै नै प्रचार-प्रसार गर्‍यौँ । त्यो थियो : अहिलेसम्म हामी मध्येका केहीले रूख काटेर कमाउनेतिर मात्र सोच्यौँ, जसबाट केही सीमित व्यक्तिहरूले एक पटकको लागि मात्रै आर्थिक फाइदा लिए । तर, यदि हामीले त्यही रूखलाई देखाएर कमाउनेतर्फ सोच्यौँ भने सबै जनाले पुस्तौँ-पुस्तासम्म यो वनबाट फाइदा लिन सक्छौँ । यो कुरालाई कार्यक्रममा उपस्थित व्यक्तिहरूले पनि मनन गरे ।

छलफल कार्यक्रमको अन्त्यतिर भारतको केरलामा घर भएका र चिडियाखानाहरूको निर्माणमा अन्तर्राष्ट्रिय रूपमा अनुभव बटुलेका कन्नुर विश्वविद्यालयका प्राध्यापक मविसकुमार एम.भी. र पाहुना (भिजिटिङ) प्राध्यापक लिन्टु मविसले मसँगै धनुषाधाम संरक्षित वनभित्रै बसेर यसको संरक्षण सम्बन्धी गुरुयोजना (मास्टर प्लान) को प्रारम्भिक मस्यौदा तयार पारेका थिए । यस अनुसार यो वनलाई खुला चिडियाखानाको रूपमा विकास गर्न सकिने सम्भावनामाथि विशेष जोड दिएका थिए ।

सो गुरुयोजना अनुसार वनको कुल ३६० हेक्टर क्षेत्रफलमध्ये ३० प्रतिशत भू-भागमा सर्पगृह, कछुवागृह, विभिन्न प्रजातिका मृगहरूको लागि चौघेरा (इन्क्लोजर), गैँडाको चौघेरा, भालुको चौघेरा, चितुवाको चौघेरा, बाघको चौघेरा आदि रहने गरी चिडियाघर बनाउने कुरा थियो । अर्को ६० प्रतिशत भू-भागमा सफारी गर्न मिल्ने गरी खुला रूपमा प्राकृतिक वासस्थानमा वन्यजन्तु व्यवस्थापन गर्ने र बाँकी १० प्रतिशत भू-भागमा वनस्पति उद्यान र प्रशासनिक भवन बनाई यस क्षेत्रलाई पर्या-पर्यटकीय (इको-टुरिजम्) स्थलको रूपमा विकास गर्न सकिने योजनामाथि छलफल गरी वन संरक्षणमा व्यापक जनसहभागिता जुटाउने काम भएको थियो ।

यसरी भएका संयुक्त छलफलका कारणले वरिपरिका साधारण बासिन्दा अत्यन्तै उत्साहित हुँदै वनको हरेक कार्यक्रममा चासो लिन थाले । वनका हरेक बैठकबारे प्रत्यक्ष रूपमा सूचना पुऱ्याउन नसके पनि अप्रत्यक्ष रूपमा जानकारी पाउँदा उपस्थिति बढ्दै जान थाल्यो । साथ-साथै, वन संरक्षणमा समुदायले चासो राख्न एवं सकारात्मक कुरा गर्न थालेपछि समुदायमाझ संस्था परिचित हुँदै गयो । वन संरक्षण आवश्यक नभएको भन्ने व्यक्तिहरू अथवा काठ तस्कर लगायत नकारात्मक भूमिका निर्वाह गर्ने व्यक्तिहरूको पनि सँगसँगै विवरण संकलन हुँदै गइरहेको थियो ।

हामीले गरेको एक अनौपचारिक सर्वेक्षण अनुसार ९७.२ प्रतिशत व्यक्तिहरूले वन सरकारी सम्पत्ति हो र योसँग हामीलाई केही सरोकार छैन भनेर सोच्दथे । अन्य २.८ प्रतिशतले यो वन हाम्रो गाउँको हो र यसबाट हामीले फाइदा लिनुपर्छ, वन संरक्षित भयो भने हाम्रो अधिकार कटौती हुन्छ, हामी वनभित्र पस्न सक्दैनौँ, गाईवस्तु चराउन सक्दैनौँ, घाँस दाउरा संकलन गर्न सक्दैनौँ जस्ता नकारात्मक कुरा गरेर साधारण जनतालाई भड्काउँथे । साथै, वन संरक्षणमा लाग्ने व्यक्तिविरुद्ध नकारात्मक सन्देश दिने गर्दथे । यी व्यक्तिहरूले नै रूख कटानी गरी गैरकानूनी रूपमा बिक्री-वितरण गर्ने र साधारण जनताले सोधपुछ गरेमा, हामी वन कार्यालय, प्रहरी, सशस्त्र सबैलाई मिलाएर नै गरिरहेको हो, यी सबैलाई बराबर हिस्सेदारी जान्छ भन्ने जस्ता अफवाह फैल्याउँथे ।

वन संरक्षणका लागि गरिने छलफलमा प्रायः स्थानीय समुदायले वनका कर्मचारीको आलोचना गर्दथे । तर, वनका अधिकृतकै अगुवाइमा चरणबद्ध रूपमा भइरहेका वन संरक्षण सम्बन्धी कार्यक्रमले वन विनाशमा फेरि कर्मचारीहरूको संलग्नता नहोला भन्न सकिँदैन भन्ने धारणा स्थानीयहरू प्रकट गर्थे । छलफल कार्यक्रममा सम्पूर्ण सहभागीलाई वन कार्यालय र मिथिला वाइल्डलाइफ ट्रष्टले संयुक्त रूपमा यदि राम्रा व्यक्ति वन कार्यालयमा आएनन् भने नराम्रा व्यक्तिले उक्त ठाउँ ओगटिहाल्छन्, त्यसैले अब तपाईंहरू इलाका वन कार्यालयमा निरन्तर आइदिनुस् भनेर आग्रह गर्थ्यौं । यसरी केही महिनापछि वनतर्फ सकारात्मक सोच बोकेका स्थानीय व्यक्तिहरूको चासो बढ्न थाल्यो । पहिलो चरणमा

तत्कालीन गाविस स्तरमा, दोस्रो चरणमा टोलस्तरमा, तेस्रो चरणमा गाउँका वृद्धहरूसँग, चौथो चरणमा वृद्धाहरूसँग, पाँचौँ चरणमा पुरुषहरूसँग, छैठौँ चरणमा वन क्षेत्रभित्र र वरिपरि घाँस दाउरा आदिका लागि आउने महिलाहरूसँग, सातौँ चरणमा युवाहरूसँग, आठौँ चरणमा व्यापारीसँग र नवौँ चरणमा वरिपरिका विद्यालयले वन संरक्षणमा निर्वाह गर्नसक्ने भूमिकाबारे सम्बन्धित निकायसँग विस्तृत रूपमा जनचेतनामूलक छलफल र अन्तर्क्रियात्मक कार्यक्रमहरू गरिएको थियो । यदि उनीहरूले चासो नलिएमा नकारात्मक सोच भएका केही व्यक्तिहरूले यस वनलाई निजी सम्पत्तिको रूपमा गर्नसक्ने दोहनबारे पनि सचेत गराइएको थियो । यी कार्यक्रमले गर्दा धनुषाधाम संरक्षित वनले व्यापक रूपमा जनसमर्थन र सहभागिता पाइरहेको थियो ।

समुदायका हरेक वर्गसँग गरिने छलफलले धनुषाधाम वनप्रति वरिपरिका अधिकांश व्यक्तिहरूसँग मिथिला वाइल्डलाइफ ट्रष्ट र इलाका वन कार्यालयलाई प्रत्यक्ष रूपमा जोड्दै गएको थियो । धनुषाधाम बजारमा आउने धेरै स्थानीय नागरिक एक पटक इलाका वन कार्यालयमा आउँथे र वनको अवस्थाबारे जान्ने कोसिस गर्थे । वनमा काठ-दाउरा संकलन गरिरहेको अथवा कतैबाट काठ काटिएको आवाज सुन्न आएमा अथवा आफ्नो खेतबारीमा काम गर्ने बेलामा कसैले वन वरिपरि बञ्चरो आदि हतियार लिएर प्रवेश गरेको देख्ने बित्तिकै मिथिला वाइल्डलाइफ ट्रष्ट अथवा इलाका वन कार्यालयलाई स्थानीयको फोन आइहाल्थ्यो ।

साधारण मानिस कार्यालयमा आउजाउ गर्न थालेपछि र वनको वरिपरि हुने गैरकानूनी गतिविधिको निगरानी गर्न थालेपछि इलाका वन कार्यालय, धनुषाधामको प्रांगणमा दिनभरि बसेर मासु र रक्सी खाने, जुवा खेल्ने र त्यहीँबाट वनभित्र कुन क्षेत्रमा कति ओटा रूख काट्ने भनी निर्णय लिने समूहहरूले बसाइ कम गर्न थाले र बिस्तारै त्यस्ता व्यक्तिहरू वनभित्र देखिनै छाडे ।

दलका नेताको प्रत्यक्ष खटनपटनमा काम गर्ने र काठ तस्करको संरक्षकको रूपमा आफूलाई प्रस्तुत गर्ने एक स्थानीय व्यक्तिले धनुषाधामको एउटा होटेलमा खाजा खाने क्रममा आफ्नो टीमको इच्छाबिना यस वनको पात पनि हल्लिन सक्दैन भनी मलाई धम्क्याएका थिए । बाहिर (भारत) बाट आएर उनीहरूलाई वास्तै नगरी गरेको कुनै पनि काम सफल हुँदैन, हुन पनि दिँदैनौँ भनेर मलाई भन्थे । हाम्रो सहभागितामूलक छलफल कार्यक्रम र कार्यालयमा निरन्तरको आउजाउले वन संरक्षणमा प्रभावकारी काम गऱ्यो । वरिपरिका समुदायको सक्रियतामा वनबाट रूख काट्न पूर्ण रूपले प्रतिबन्ध लगाइएकोले कारण काठ तस्करीमा संलग्न व्यक्तिहरू तथा तिनका आसेपासेको "रोजगारी" बन्द भयो । आर्थिक स्रोत सुकेपछि ती यस क्षेत्रबाट विस्तारै पलायन भए ।

## खुला चरिचरन तथा अनियमित कटानमुक्त क्षेत्रको स्थापना

माथि भनिए झैँ, स्थानीय समुदायको प्रत्यक्ष सहकार्यमा संरक्षणमुखी गतिविधिहरू अगाडि बढ्न थाल्यो । चारैतिरका समुदायका अगुवाहरूको सहभागितामा धनुषाधाम नगरपालिकाको वडा नं. १ मा पर्ने मुंग्राहा गाउँ निवासी र जिल्ला वनस्पति अधिकृतबाट सेवानिवृत्त भएका जगदीश यादवको अध्यक्षतामा ३१ सदस्यीय धनुषाधाम संरक्षित वन परिषद् गठन गरियो । परिषद् गठन भइसके पश्चात् अर्को महत्त्वपूर्ण अंगको रूपमा मिथिला वाइल्डलाइफ ट्रष्ट र इलाका वन कार्यालयसँग सहकार्य गर्दै फेरि चारै तिरका राजनीतिक व्यक्तित्वहरू र स्थानीय समुदायको उपस्थितिमा वनलाई अनियमित कटान तथा खुला चरिचरनमुक्त क्षेत्र घोषणा गराउने प्रयास गरियो ।

त्यसको लागि संरक्षित वन घोषणाको चरणमा सम्पूर्ण गाउँ बस्तीमा गएर गरिएको अन्तर्क्रिया र छलफल जस्तै पुनः हरेक टोलमा बैठक बसियो । ती बैठकहरूबाट धनुषाधाम संरक्षित वनलाई समुदायको पहलमा नै अनियमित कटान तथा खुला चरिचरनमुक्त क्षेत्रको रूपमा व्यवस्थापन गर्न निर्णय गरिँदै गइयो । कार्यक्रममा उपस्थित किसान वर्ग र पशुधनीहरूले वनमा खुला रूपमा गाईवस्तु चरिचरनका लागि नपठाउने, आवश्यक परेमा घरमै गाईवस्तु बाँधेर पाल्ने र वनबाट घाँस काटेर ल्याउने जस्ता प्रतिबद्धता जनाउँदै गए ।

औपचारिक रूपमा घोषणा नभए तापनि यस्तो प्रयासले दैनिक करिब १,३०० जति गाईवस्तुहरू खुल्ला चरिचरनका लागि वनभित्र छिर्ने गरेकोमा करिब तीन वर्षको अथक प्रयास, व्यापक जनसमर्थनबाट उक्त कार्य नियन्त्रण गरियो । वन संरक्षण गर्न सके कार्यक्रमहरूमा छलफल गरिए जस्तै पर्या-पर्यटकीय क्षेत्रको रूपमा विकास गरेर वरिपरिको समुदायको जीवनमा आउनसक्ने परिवर्तनको आशाले वन भित्रको खुला चरिचरन बन्द भयो । किसानहरूले आफ्ना चौपायाहरूलाई वनभित्र पठाउन छोडे । अधिकांश किसानले आफ्ना चौपाया बेचे । कतिपयले एउटा-दुइटा मात्रै राखेर अन्य बेच्दै गए र वनबाट घाँस काटेर ल्याउने र घरमै बाँधेर पाल्न थाले ।

मंसिर २०७० मा सरुवा भएर आउँदा सहायक वन अधिकृत शंकरनारायण झाको स्वागत तथा परिचयात्मक कार्यक्रममा राजनीतिक अगुवा र स्थानीय समुदायको उपस्थितिमा एउटा संयुक्त निर्णय गरिएको थियो । सो निर्णय "उप्रान्त यस वनमा अनियमित गतिविधि गर्दै गरेको कोही पनि समातियो भने वन कार्यालयले कारवाही गर्ने र त्यस्ता गतिविधि गर्दा समातिएको व्यक्तिलाई छोडाउन हामीमध्ये कसैले सिफारिस गर्ने छैनौँ" भनिएको थियो । त्यसपछि पनि तस्करी रोकिएन । धनुषाधाम नगरपालिका वडा नं. ४ स्थित लक्ष्मीपुर गाउँका रामहृदय यादव—जो वरिपरिका सबैभन्दा ठूला काठ तस्कर भनेर पनि चिनिन्थे—ले वनबाट दुई ओटा सिसौका रूख काटे । रामहृदयले एकै पटक एक ट्र्याक्टर

अथवा सोभन्दा बढी मात्रामा काठ तस्करी गर्ने क्षमता राख्थे भने अरू स-साना तस्करले एक-दुई ओटा रूखहरू मात्रै ओसारपोसार गर्न सक्थे ।

रामहृदय यादवले काटेको रूख पत्ता लगाउन सहायक वन अधिकृत शंकरनारायण झा लगायत इलाका वन कार्यालयका सम्पूर्ण कर्मचारी र मिथिला वाइल्डलाइफ ट्रष्टको तर्फबाट म लगायत संस्थाका अन्य पाँच सदस्यहरू पाँच दिनसम्म वरिपरिका हरेक काठ मिल, खेतबारी, उखुबारी आदिमा अनवरत हिँड्यौँ। सोही क्रममा त्यति बेला लालगढ इलाका वन कार्यालयमा कार्यरत वन रक्षक लक्ष्मण मण्डल र दिनेश यादवलाई शंकरनारायण झाले काजमा बोलाई सुराकी गरी काठ पत्ता लगाउन खटाए । तस्करको सुराकीमा राम्रो दखल राख्ने लक्ष्मण र दिनेशले रामहृदयको गाउँ लक्ष्मीपुर जाने बाटोको छेउमा माछापालन गर्न खनेको निजी पोखरीभित्र पानीमा काठ लुकाइएको पत्ता लगाए ।

गोदार भन्ने ठाउँका काठ मिलमा सिसौको सोही साइजका काठ भए-नभएको खबर लिन मिथिला वाइल्डलाइफ ट्रष्टका टीम गए। उनीहरू त्यत्तिकै फर्केर आए। आफ्ना कार्यालयका सशस्त्र वनरक्षकहरू लिएर गएका सहायक वन अधिकृत शंकरनारायण झा, सरसा सशस्त्र वेसक्याम्पका इन्स्पेक्टर धर्मेन्द्र भण्डारीको कमाण्डमा छ जवान, ट्रष्टको तर्फबाट म र राम खेलाउन मण्डल लगायतको टोलीले धारापानी भन्ने ठाउँको आर्मी होटेलबाट रामहृदय यादवलाई समातेर ल्यायौँ। वन कार्यालय नपुग्दै धनुषाधामका एकजना नेताले शंकरनारायण झालाई फोन गरी सो मान्छेको यस घटनामा संलग्नता नरहेको र उनलाई पक्राउ गर्दा नराम्रो हुनसक्छ भने । अर्को एक नेताले त्यो मानिस ठूलै तस्कर हो तपाईंलाई पनि गाह्रो पार्न सक्ला भनी सचेत गराउन शंकरनारायण झालाई फोन गरे । पोखरीबाट राति ९ बजे काठ फेला नपरेसम्म शंकरनारायण झासँग ती नेताले निर्दोषलाई समातेको जिकिर गरिराखे । तर, काठ फेला पर्ने वित्तिकै ती चुप लागे । र, केही दिनको लागि उनीहरू सम्पर्क विहीन भए ।

इलाका वन कार्यालयमा तस्करलाई राख्ने ठाउँ नभएकोले रामहृदय यादवलाई रातभरिको लागि धनुषाधाम इलाका प्रहरी कार्यालयमा राख्नुपर्ने बाध्यकारी निर्णय भयो। तर, इलाका प्रहरी कार्यालयका निरीक्षक गोबिन्द झाले रामहृदयलाई इलाका प्रहरी कार्यालयमा राख्न असमर्थता जनाउन थाले। वन कार्यालयबाट रातभरि मात्रै राख्नुस्, हामी बिहानै लगिहाल्छौँ भनेर आग्रह गर्दा बिहान १० बजेभन्दा पहिले लैजानुपर्ने शर्त सहित रामहृदयलाई इलाका प्रहरी कार्यालय, धनुषाधाममा लगियो । तर, प्रहरीले आफ्नो रजिष्टरमा अभियुक्तको नाम परिवर्तन गऱ्यो ।

इलाका वन कार्यालयको सबै कागजातमा रामहृदय यादव लेखिए पनि इलाका प्रहरी कार्यालय, धनुषाधामले नाम किन परिवर्तन गरेको होला भन्ने कारण बुझ्दै जाँदा उनी चार ओटा हत्या मुद्दाका फरार अपराधी रहेको थाहा हुन आयो । यो कुरासँग प्रहरी कार्यालय अवगत रहेको र इलाका प्रहरी कार्यालय, धनुषाधामले फरार अपराधीकै रूपमा देखाएर

रामहृदय यादवलाई अप्रत्यक्ष सहयोग गरिरहेकोले आफ्नो रजिष्टरमा नाम परिवर्तन गरेर लेखेको बुझियो । अर्को दिन, सो तस्करलाई जिल्ला वन कार्यालय लगेर कारवाही अगाडि बढाइयो । यसरी धनुषाधाम वन क्षेत्रको सबैभन्दा ठूलो काठ तस्कर नै समातिएर पनि कसैले छोडाउन नसकेकोले सानातिना काठ तस्करले वनमा छिर्ने आँट गर्न सकेनन् । र, वनमा अनियमित काठ कटान रोकियो । माथिको यो दृष्टान्तले वन तस्करहरूको सञ्जाल कति बलियो हुने रहेछ र उनीहरूको संरक्षणमा के-कस्ता व्यक्ति वा संस्था लाग्दा रहेछन् भन्ने थाहा हुन्छ । र, समुदाय एक हुने हो र वन संरक्षणमा खटिने अगुवाहरू खुट्टा नकमाई निरन्तर लाग्ने हो भने जतिसुकै बलियो तस्कर पनि पक्राउ गर्न सकिने रहेछ भन्ने महत्त्वपूर्ण सन्देश यो उदाहरणले दिन्छ ।

वनलाई अनियमित कटान तथा खुला चरिचरनमुक्त क्षेत्रको रूपमा घोषणा गरिए पछिको संरक्षणमुखी गतिविधिले वनको घनत्व बढ्दै गइरहेको छ । मिथिला वाइल्डलाइफ ट्रष्टले यस वनभित्र सन् २०२२ सम्म २८६ प्रजातिका चरा, ३६ प्रजातिका सर्प र गोही लगायतका घस्रिने जन्तु, २७६ प्रजातिका बोटविरुवा तथा वनस्पति, २२ प्रजातिका साना तथा ठूला स्तनधारी जनावर र ११ प्रजातिका पुतलीहरूको तथ्यांक संकलन गरेको छ । वन क्षेत्रमा कुनै किसिमको हानि-नोक्सानी नहुने र मानिसको आउजाउ साह्रै नै न्यून रहेकाले प्राणीहरूलाई आफ्नो बच्चा हुर्काउनका लागि यहाँ उपयुक्त वातावरण बनेको छ भन्न सकिन्छ । त्यसैले हुनसक्छ, धनुषाधाम संरक्षित वनको पूर्वतिर लगभग १ कि.मि. पर बग्ने बालुवा खोलालाई जैविक मार्गको रूपमा प्रयोग गर्दै चुरेबाट लगभग ७ कि.मि. हिँडेर चित्तल, भालु, चितुवा र हुँडार जस्ता जनावरले यस वन क्षेत्रमा आएर आफ्नो बच्चा जन्माएर हुर्काई फेरि चुरेमै फर्किने गरेका छन् । ३६० हेक्टर क्षेत्रफल मात्रै भएको यस वन क्षेत्रमा जंगली हात्ती समेत आएर एक-एक महिनासम्म बस्नुले अर्को वन क्षेत्रसँग प्रत्यक्ष नजोडिएको भए पनि यो वनले जैविक विविधतालाई जोगाइराख्न ठूलो योगदान पुऱ्याउँदै आएकोमा कुनै शंका छैन ।

## दश वर्षे विस्तृत कार्ययोजनाको स्वीकृति

भारतको तुलनामा कुनै पनि स्रोत-साधन नभएको अवस्थामा र निम्नमध्यम वर्गीय परिवारमा जन्मेकाले आर्थिक रूपले समेत सम्पन्न नरहेको अवस्थाबाट वन संरक्षणमा म लागेँ । तराईका अन्य भू-भाग जस्तै जातीयताको चपेटामा परेको धनुषाधाम क्षेत्रमा राष्ट्रिय चर्चा बटुलेका वन तस्कर र त्यसका संरक्षकसँग लड्दै धनुषाधामको ३६० हेक्टर वनलाई मुलुकको आठौँ संरक्षित वन घोषणा गराउन म र मेरो संस्थाले भूमिका निर्वाह गऱ्यौँ । यस वनलाई शून्य आर्थिक लगानीमा अनियमित कटान तथा खुला चरिचरनमुक्त क्षेत्र घोषणा गराएर वन संरक्षणको एउटा नयाँ नमूनाको रूपमा स्थापित गर्न सकियो । न्यून लगानीमा नै यस वनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचान दिन सकियो ।

भारत छाडेर नेपाल फर्किनुअघि मैले "स्याटेलाइटबाट कुनै बस्तीको अवलोकन गर्दा सबै चिटिक्क मिलेको, व्यवस्थित र सफा देखिने तर, त्यही बस्तीमा छिरेर हेर्दा बाटोघाटोमा फोहर नै फोहर थुपारिएको, बाटो छेउमा बग्ने नालाबाट दुर्गन्ध आउने" जस्तै अवस्था देखेको थिएँ । नेपाल र मधेशको बारेमा पटक्कै पनि अनुभव नबोकेको हुँदा भारत छोडेर नेपाल फर्किसकेपछि हरेक पाइलामा हेपाइ र अवहेलना महसुस गरें ।

धनुषाधाम संरक्षित वन घोषणा भइसकेपछि कार्ययोजना बनाउन र सोको स्वीकृतिका लागि धनुषाधाममा बसेर भारतमा काम गर्दाका सहपाठीलाई ल्याएर मैले नमूनाको रूपमा गुरुयोजना बनाउन लगभग दुई वर्षसम्म हरेक दिन र अधिकांश रात वनभित्रै बिताएँ । जिल्ला वन अधिकृत हरिनारायण मण्डलको सुझाव बमोजिम चाहिने हरेक विवरणहरू संकलन गर्न दिनरात खटें । तर, जिल्ला वन कार्यालयबाट क्षेत्रीय वन निर्देशनालय हुँदै फाइल तत्कालीन महानिर्देशक कहाँ पुगेर हराएको खबर पाएँ । सोही कारणले कार्ययोजनाको स्वीकृति अड्किएको थियो । धनुषाधाम नजिकै घर भएका महानिर्देशकले पक्कै पनि फाइल हराउन सक्दैनन् भन्ने मेरो बुझाइको कारणले पत्याउनै गाह्रो भएको थियो । त्यसैले, काठमाडौँ गएर एकपटक भेटौँ न त भन्ने सोचेर म महानिर्देशकलाई भेट्न गएँ । उनको कार्यकक्षमा जाँदा वन तथा भू-संरक्षण मन्त्रालयतिर गएको खबर पाएँ ।

त्यसताका धनुषा जिल्ला निवासी र गणित विषयका प्राध्यापक पवनकुमार साहले मलाई आफ्नै घरमा बसोबासको व्यवस्था गरिदिनुका साथै मोटरसाइकलमा आवत-जावतको सुविधा दिएका थिए । पवनकुमारकै पहलमा हामीले वन सचिवसँग भेट्ने समय पनि मागेका थियौँ । मन्त्रालयतिर नै ती महानिर्देशकलाई पनि भेट्न सकिएला भन्ने आशा पनि थियो । नभन्दै मन्त्रालयमा ती महानिर्देशकसँग भेट भयो । पहिलो भेटमा मैले र पवन सरले परिचय दियौँ र धनुषाधाम संरक्षित वनको फाइल साँच्चिकै हराएको हो कि भन्ने आशय सहित जिज्ञासा राख्यौँ । मैले जिज्ञासा राख्ने वित्तिकै उनले आफ्नो आँखा रातोरातो पारे र भने : "यहाँ काठमाडौँमा के हिरोगिरी गर्दै हिँडेको हो ? तँ को हो मसँग धनुषाधाम वनको बारेमा कुरा गर्ने ? त्यहाँ तेरो बा, भाइभारदारहरूले वन काटेर सिध्याउन लागे र यहाँ राजधानीमा हिरोगिरी गर्दै मसँग भेट्न आएको छस् ? मण्डल भएको नाताले हरिनारायण मण्डलले तँलाई जिल्ला वन कार्यालयमा भाउ दिएको होला, मेरो सामु तिमीहरूको नौटंकी चल्दैन । तेरो सौभाग्य हो कि तैँले यहाँ मन्त्रालयमा भेटेको छस्, मेरो कक्षमा भेटेको भए धक्का दिएर बाहिर फालिदिन्थे ।"[७]

यी कुरा उनले सासै नलिइकन बोलेको जस्तो लाग्यो । केही मिनेटसम्म त के भएको हो भनेर बुझ्न नै मलाई गाह्रो भयो । मन्त्रालयका सबै कर्मचारीहरू ममाथि एकटक लगाएर हेर्दै थिए । मैले त के गर्ने, के नगर्ने भनेर सोच्नै सकिनँ । तर, पवन सरले हामी यहाँबाट अहिले

[७] यो कात्तिक १४, २०७० को घटना हो ।

निस्कौँ भनेपछि हामी वन सचिवलाई नभेटी निस्कियौँ । करिब दुई दिनको छलफलपछि धनुषाधाम वनलाई संरक्षित वनको रूपमा घोषणा गराउँदा ती महानिर्देशकलाई कुनै ठूलै क्षति भएको होला भन्ने महसुस गरेर आफ्नो चित्त बुझायौँ । नत्र वनबाट ८–१० कि.मि.को दुरीमा घर भएका ती महानिर्देशकबाट वन संरक्षण फाइल कसरी हराउँथ्यो होला ? तर भारतमा काम गर्दाको मेरो अनुभवबाट सिकेको पाठ अनुसार मैले सबै कागजातको एक-एक प्रति सुरक्षित राखेको थिएँ । ती प्रति जिल्ला वन अधिकृत हरिनारायण मण्डललाई उपलब्ध गराउँदा दोस्रो पटक फाइल महानिर्देशक कहाँ पुगेको थियो र कात्तिक ५, २०७० मा धनुषाधाम संरक्षित वनको १० वर्षे विस्तृत कार्ययोजना स्वीकृत भएको थियो ।

महानिर्देशकबाट सेवानिवृत्त हुँदा पनि ती व्यक्तिले सहायक वन अधिकृत शंकरनारायण झा, धनुषा जिल्लामा जिल्ला वन अधिकृत बनेर आउने वीरेन्द्र साह, सम्पैत यादव, अशोक झा, सुनिल कुमार कर्ण लगायतका हरेक अधिकृतलाई एनजीओलाई एनजीओकै रूपमा राख्नुपर्छ, प्रशासकीय काममा धेरै ठाउँ दिनु हुँदैन भनी उक्साइरहन्थे । सबै श्रेय कार्यालयले नै पाउने गरी एनजीओहरूलाई काम गराउनुपर्छ भन्दै अहिलेसम्म पनि धनुषाधाम संरक्षित वनबाट मिथिला वाइल्डलाइफ ट्रष्टको उपस्थिति मेटाउन उनी सक्रिय छन् । त्यसको असर संस्था र मेरो कामबारे नबुझेसम्म अधिकृतहरूले मलाई गर्ने व्यवहारमा पनि देखिन्थ्यो । तर, बुझेपछि अधिकांश वन अधिकृतहरूले धनुषाधाम वनका लागि मिथिला वाइल्डलाइफ ट्रष्ट एउटा एनजीओ मात्र नभएर वन कार्यालयको एक अभिन्न अंगको रूपमा रहेको जिकिर गर्ने गरेकाले उनको उक्त प्रयास सफल हुन सकेको छैन ।

## अन्तमा,

संघीयता आउनुअघि, एक वर्षको बजेटबाट धनुषाधाम संरक्षित वनको विकास शुरू भएको थियो, संघीयता आउने बित्तिकै त्यो रोकियो । संघीय संरचनामा सो रकम प्रदेश सरकार मार्फत खर्च हुने प्रावधान छ र प्रदेश सरकारमा मन्त्रीहरूलाई प्रत्यक्ष वा परोक्ष रूपले आर्थिक लाभ दिन नसक्ने अवस्थाका अधिकांश बजेट निकासा नभई फ्रीज हुन थाले । त्यसमाथि स्थानीय तहमा वन मासेर जीविकोपार्जन गर्दैआएका केही स्थानीय र केन्द्रीय नेताको वर्चस्व रहेका कारण त्यहाँबाट समेत कुनै सहयोग हुनसक्ने अवस्था छैन । संघीय संरचनामा केन्द्र सरकारले प्रदेश र स्थानीय सरकारलाई उनीहरूले सहयोग गर्छन् भनेर औँला तेर्स्याइदिने र यता प्रदेश तथा स्थानीय सरकारले धनुषाधाम संरक्षित वनलाई पूर्ण असहयोग गर्ने नीति लिएकाले हाललाई विकासका सबै ढोका बन्द भएका छन् । हाल आएर केन्द्र सरकारले संघीय संरचना बमोजिम यस वनलाई धनुषाधाम वन संरक्षण क्षेत्र नामकरण गरेर यसको व्यवस्थापनको जिम्मा प्रदेश सरकारलाई दिएको छ ।

धनुषाधाम संरक्षित वनको लागि अर्को वज्रपातको रूपमा मधेश प्रदेशका एक जना वनमन्त्रीको निर्देशनमा सवअ शंकरनारायण झालाई धनुषाधाम संरक्षित वनबाट सरुवा गराइएको घटनालाई लिन सकिन्छ। शंकरनारायणको सरुवासँगै २०७९ सालमा आइपुग्दा हाँगाबिँगा र सानातिना लडेका रूखहरू काट्ने नाउँमा फेरि काठ तस्करीको खेल शुरू गर्न खोजिएको छ । वन विकासको सबै सम्भावना समाप्त भइसकेको अवस्थामा वरिपरिको समुदायलाई संरक्षणमा साथ दिनुस् त्यसपछि हामी विकास गरेर देखाउँछौँ भन्ने आग्रह गर्दै संरक्षणमा साथ लिएका थियौँ। त्यही विकासको सम्भावनामाथि विश्वास गरेर वरिपरिका सबै समुदायले जुन त्याग गरे त्यस अनुरूप हामीले सोचे जति विकास गर्न सकेनौँ। तर, यस वनलाई यथास्थितिमा जोगाउनका लागि हाम्रो थप कुनै किसिमको लगानी आवश्यक नहुने र चारैतिरबाट निगरानी मात्रै राखे पुग्ने कुरामा हामी पूर्ण विश्वस्त छौँ। अहिलेलाई जोगाएर मात्र राख्न सक्यौँ भने भविष्यमा सरकारमा सकारात्मक सोच भएका व्यक्तिहरू सक्रिय भूमिकामा आएमा विकास गर्न सकिने सम्भावना जीवित रहन्छ भन्नेमा आशावादी छौँ। त्यसैले, यस वनलाई सामुदायिक स्तरबाट र डिभिजन वन कार्यालयका सकारात्मक सोचका कर्मचारीहरू सँगको सहकार्यमा यथास्थितिमा जोगाउन प्रयासरत छौँ।

## धन्यवाद

यो अनुसन्धान र अनुभवलाई लेखाइमा ढाल्न प्रेरित गर्ने मार्टिन चौतारी तथा त्यहाँ कार्यरत अनुसन्धाता सोहन प्रसाद साह र जनकपुरका सञ्चारकर्मी बीपी साहप्रति आभारी छु । लेख्ने क्रममा विगतका अनुभवहरूलाई समेट्न सहयोग गर्ने सहायक वन अधिकृत शंकरनारायण झा, लेखेका अनुभवहरूमा छुटेका घटनाहरू संस्मरण गराएर सहयोग गर्ने सहायक वन अधिकृत सुरेश शर्मा तथा हरेक पाइलामा साथ दिने धनुषाधाम सब-डिभिजन वन कार्यालयका सम्पूर्ण कर्मचारीहरू तथा वन संरक्षण अभियानमा सँगसँगै हिँड्ने धनुषाधाम नगरपालिकाका वासिन्दाहरूलाई हार्दिक धन्यवाद छ । अनुसन्धान र लेखनको क्रममा निरन्तर सहयोग पुऱ्याउनुहुने मेरा मेन्टर अर्जुन पन्थी तथा लेखलाई सम्पादन गर्नुहुने देवराज हुमागाईं लगायत सम्पूर्ण मार्टिन चौतारी परिवारप्रति आभार प्रकट गर्दछु ।